निर्णयहरु

निर्णय नं. १. कार्यपालिकाको अघिल्लो ४६ औं वैठकमा भएका १४ वटा निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिवारे छलफल तथा समीक्षा गरियो। वैदेशिक रोगगारी प्रोफाइल निर्माणका लागि तथ्यांक संकलक छनौट भई कार्य शुरु भई सकेको छ ।घरेलु तथा साना उद्योग कार्यालयको सहयोगमा नगर विकास समितिले निर्माण गर्न लागेको भवनमा मापदण्ड पालना गराउने लगायतका निर्णय कार्यान्वयनमा आईसकेकाले छ ।

निर्णय नं. २ कोरोना भाईरसको महामारी नियन्त्रणमा कार्य गर्ने जनशक्तीहरुलाई कार्यदलले तयार गरेको प्रस्ताव समेतलाई आधार मानेर निम्नानुसारको जोखिम भत्ता उपलब्ध गराउने ।

(क) कोभिड १९ को पहिलो लहरमा सेवा पुर्याउने स्वास्थ्य संस्थाको कर्मचारीको हकमा नेपाल सरकार मन्त्री परिषदको निर्णय वमोजिमको गत श्रावणदेखि प्रत्यक्ष सम्पर्कमा रही काम गर्नेलाई ५० प्रतिशत र अन्य जनशक्तिको हकमा समितिले सिफारिस गरेको वर्गिकरण गरेको समूहलाई वढीमा तीन महिनाको तोकिएको प्रतिशत बमोजिम ।

(ख) कोभिड १९ को दोस्रो लहरको संक्रमण शुरु भएदेखि यसको प्रभाव देखिने समयसम्म वढीमा ६ महिनासम्म समितिको सिफारिस वमोजिम ।

निर्णय नं. ३

मन्थली नगरपालिकाको नवौ नगरसभा (वजेट अधिवेशन) मिति २०७८ साल असार १० गते विहीवार दिनको १० वजे स्वास्थ्यका सम्पूर्ण मापदण्ड अवलम्बन गरी मन्थली नगरपालिकाको सभा हलमा गर्ने ।

निर्णय नं. ४

मन्थली नगरपालिकाको कार्यालयबाट मस्यौदा गरी कार्यपालिकाको ४६ औ वैठकमा अध्ययन गरी सुझावका लागि वितरण गरिएको देहाय वमोजिमका विधेयकहरु परिमार्जन सहित पारित गरी आगामी नगरसभामा पेश गर्ने ।

(क) आर्थिक कार्यविधि (नियमित तथा व्यवस्थित गर्न वनेको) विधेयक २०७८

(ख) वातावरण तथा प्राकृतिक श्रोत संरक्षण विधेयक २०७८

निर्णय नं. ५

मन्थली नगरपालिकाको कार्यालयबाट मस्यौदा गरिएको देहाय वमोजिमका विधेयकहरु परिमार्जन सहित पारित गरी आगामी नगरसभामा पेश गर्ने ।

(क) आर्थिक विधेयक २०७८

(ख) विनियोजन विधेयक २०७८

निर्णय नं. ६ मन्थली नगरपालिकाको कार्यालयबाट मस्यौदा भई पेश भएको अल्पकालीन सेवा केन्द्र सञ्चालन कार्यविधी २०७८ अध्ययन गरि कार्यपालिकाको अर्को वैठकमा थप छलफल गरी पारित गर्ने ।

निर्णय नं. ७ विभिन्न विषयगत समितिहरु र वजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सुझाव र शंसोधन सहित पारित हुदै आएको मन्थली नगरपालिकाको आगामी आ.व. २०७८/७९ को वार्षिक नीति परिमार्जन सहित पारित गर्ने ।

निर्णय नं. ८

८.१ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत शिक्षा मानव स्रोत विकास केन्द्रको आह्वानमा सामुदायिक विद्यालयले पेश गरेका प्रस्तावनाका आधारमा भौतिक पूर्वाधार विकास नयाँ कक्षा कोठा निर्माण गर्ने गरी कार्यक्रम परेका विद्यालयहरुमा देहाय अनुसारका कार्यक्रम कार्यान्वयन गर्ने ।

(क) तत्कालीन जिल्ला शिक्षा कार्यालयसँग लागत साझेदारीमा चार कोठे भवन निर्माण गरी विद्यालयसँग सम्झौता भई कार्य प्रारम्भ भएको तर उक्त भवनहरु पूर्ण रुपमा सम्पन्न नभएका देहायमा उल्लेखित विद्यालयले पेश गरेको प्रस्तावनाका आधारमा निर्माण सम्पन्न गर्ने गरी सम्झौता गराउने ।

- कपिलेश्वर आधारभुत विद्यालय मनपा ७
- भिमेश्वर रुद्र मा.वि. मनपा ८

(ख) भौतिक पूर्वाधार विकास (विद्यालय कक्षा कोठा निर्माण) कार्यक्रमको छनौटमा परेका विद्यालयहरुसँग कार्यक्रम सम्झौता गरी एकमुष्ट रकम निकासा गरी निर्माण खाता रोक्का राख्ने, समयमा नै कार्य सम्पन्न गर्न निर्देशन दिने र प्राविधिकको कार्य सम्पन्न सिफारिसका आधारमा भुक्तानीका लागि खाता फुकुवा गर्ने ।

८.२ कालिका मा.वि. मनपा ६ भलुवाजोरमा लागत साझेदारीमा तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट चार कोठे भवन निर्माण गर्ने गरी सम्झौता भई भवन निर्माणका लागि प्राप्त रु ३६०००००।- वरावरको कार्य सम्पन्न भई बाँकि निर्माण कार्य अधुरो रहेकाले बाँकि कार्य सम्पन्न गर्नका लागि आवश्यक रकमको श्रोग सुनिश्चित गर्ने ।

८.३ कोभिड १९ का कारण अभिभावक भेला हुन नसकी विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेका देहायका विद्यालयमा विद्यालय शिक्षातर्फको ICT स्थापनाको सम्झौता

र खरीद प्रक्रियाका लागि विद्यालयका प्रधानाध्यापकको संयोजकत्वमा खरीद समिति गठन गरी कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

- भैरवी मा.वि. मनपा ५
- सरस्वती मा.वि. चनखु मनपा १०

८.४ नगर शिक्षा समितिले निर्धारण गरेको मापदण्ड वमोजिम स्वेच्छिक राजिनामा दिने शिक्षकहरुलाई शुरु स्केल तलवको तीन महिना वरावरको हुन आउने रकम एकमुष्ट रुपमा उपलब्ध गराउन र नगरसभामा पेश गर्ने।

निर्णय नं. ९

लागत साझेदारीमा गाई प्रवर्धन कार्यक्रम सञ्चालनार्थ गाई खरिद गर्न कार्यपालिकाको ४३ औं वैठकले स्वीकृत गरेको दर रेटमा नगरपालिकाबाट गाई खरिदका लागि गरिएको वोलपत्र आह्वानको सुचना अवधीमा बन्दाबन्दी तथा गाईको मुल्य वृध्दीका कारण कुनै पनि वोलपत्र पेश नभएकाले खरिद समितिको प्रस्ताव वमोजिम गाईको खरिद मूल्य पुनरावलोकन गरी गाई खरिद कार्य अगाडि वढाउने

निर्णय नं. १०

मन्थली नगरपालिकाले किसानले दुग्ध डेरीमा दुध बिक्री गरेको अभिलेखको आधारमा प्रति लिटर दुई रुपैया अनुदान उपलब्ध गराउदै आएकोमा बन्दाबन्दीका कारण तथ्यांक संकलन गर्न र दुग्ध डेरीलाई समेत अभिलेख व्यवस्थापनमा समस्या भएकोले बन्दाबन्दीको अघिल्लो दिन २०७८ वैशाख १९ गतेको दुध बिक्रीको अभिलेखलाई आधार मानी कृषकहरुलाई अनुदान उपलब्ध गराउने ।